दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १३२ | बुटवल | २०८२ बैशाख २६, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday May. 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# स्याउलीवाङलाई कृषि पर्यटनसँग जोड्दै नौबहिनी



**राधिका भुसाल**

*प्यूठान*

स्थानीय तहहरुले पर्यटकीय ठाउँलाई उत्पादनसँग जोड्ने प्रयास थालेका छन् । प्यूठानको नौबिहिनी गाउँपालिकाले स्याउलीवाङ क्षेत्रलाई कृषि पर्यटनको रूपमा विकास गर्न थालेको हो ।

जिल्लाका स्वर्गद्वारी, गौमुखी, ऐरावती, झाँक्रीस्थानपछिको महत्वपूर्ण पर्यटकीय तिर्थस्थल नौबहिनीको काखमा रहेको स्याउलीवाङको उत्पादनले जिल्लाकै ध्यानकेन्द्रित गर्ने गर्दछ । नौबहिनी गाउँपालिका वडा नम्बर १ मा अवस्थित धार्मिक पर्यटकीय स्थल नौबहिनी झरना पनि स्याउलीवाङ गाउँको नजिकै रहेको छ । धार्मिक पर्यटकीय स्थल नौबहिनी र कोठिभिर आउने पर्यटकहरुलाई स्याउलिवाङको स्थानीय उत्पादनलाई कोसेली स्वरुप पर्यटकलाई बिक्री गर्ने योजना रहेको नौबहिनी गाउँपालिकाका अध्यक्ष दिलबहादुर थापाले बताए । कोदो, मकैको परिकार, रातोसाग, आलु, सिमीलगायतका स्थानीय उत्पादनको स्वाद चाख्ने व्यवस्था मिलाउँदै उक्त क्षेत्रको कृषिसँगै पर्यटन क्षेत्रको विकास गर्ने अध्यक्ष थापाको भनाइ छ ।

पर्यटकीय दृष्टिकोणले स्याउलिवाङ क्षेत्र निकै सुन्दर ठाउँ मानिन्छ । यतिबेला बाहानेबाट स्याउलिवाङ जाने बाटो स्थरउन्नति भइरहेको हुँदा स्याउलीवाङ जाने पर्यटकहरुलाई थप सहज हुने उनले बताए । 'खेलेसीवाङदेखि स्याउलीवाङसम्म पर्यटकहरुलाई पद यात्राको लागि गोरेटो बाटो निर्माण भएको छ,' अध्यक्ष थापाले भने-'सबैभन्दा बढी लगानी नौबहिनी र स्याउलिवाङमा भएको छ । कृषि पर्यटनको रुपमा विकास गर्न हामीले त्यस क्षेत्रलाई प्राथामिकतामा राखेका छौँ ।'

पर्यटकीय स्थल नौबहिनीको नामबाटै गाउँपालिकाको नामाकरण समेत नौबहिनी राखिएको छ । रोल्पा र बाग्लुङ्ग जिल्लाको सिमानामा पर्ने यो क्षेत्रले पर्यटकहरुलाई पर्खिरहेको छ ।

जिल्लाकै दुर्गम क्षेत्रमा अवस्थित नौबहिनीका विषयमा धेरै चर्चा गरेको पाइन्छ । नौबहिनीको किम्बदन्ती नै फरक छ । यस क्षेत्रमा नौबहिनीहरुसँगै बसेको भन्ने सुन्न सकिन्छ । नौबहिनी बस्नका लागि गुफा, खेत उत्पादनका लागि खेतका गहरा, नौबहिनी नुहाउने पँधेरो देख्न सकिन्छ । नौवटा बहिनी बसेको ठाउँ भएर यस ठाउँको नाम नौबहिनी राखिएको भन्ने किम्बदन्ती पाइन्छ ।

नौबहिनी क्षेत्रभित्र रहेका धार्मिक तथा पर्यटकीय महत्व बोकेका सम्पदाको प्रवर्धनका लागि काम भइरहेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत शिवराज पौडेलले बताए । मुख्य गरी नौबहिनी, खलेसीवाङ, कोठीभिर, स्याउलिवाङ, झुलेनी, त्रिकुटा मन्दिर, बाहुनपोले शिवमन्दिर र मात्रे मन्दिरलाई प्राथमिकतामा राखेको प्रमुख पौडेलले बताए ।

'अहिलेसम्म पालिकाले पर्यटन क्षेत्रमा गरेको लगानीबाट आर्थिक रुपमा प्रतिफल आएको छैन,' उनले भने-'स्थानीय तहले कृषि पर्यटनलाई जोड्दै आर्थिक विकासमा टेवा पुग्नेगरी लगानी गर्नु पर्छ ।' कुनै पनि जाति विशेषका ऐतिहासिक कुलघरहरुमा लगानी गर्न उचित नहुने उनले बताए । सबै ठाउँमा बजेट खर्च गर्नुभन्दा जिल्लास्तरको धार्मिक तथा पर्यटकीय स्थललाई अलि बढी महत्व दिने र स्थानीय तहले पालिकास्तरको एउटा ठाउँलाई मात्र राम्रो पर्यटकीय गन्तव्य बनाउनु पर्ने उनको भनाइ छ ।

हालसम्म पालिकाले पर्यटन क्षेत्रमा करिब २ करोड बजेट लगानी गरेको समेत उनले जानकारी दिए ।

## राजावादी शक्तिहरूद्वारा संयुक्त आन्दोलन घोषणा

बुटवल । राजावादी शक्तिहरूले राजसंस्था पुनःस्थापनाका लागि अनिश्चितकालीन संयुक्त जनआन्दोलनको घोषणा गरेका छन् । आउँदो जेठ १५ गतेबाट जनआन्दोलन सुरु गर्ने तथा राजसंस्था र हिन्दू राष्ट्र स्थापन नभएसम्म नटुंगिने उनीहरूको निर्णय छ ।

नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिले बिहीबार एक कार्यक्रम गरी संयुक्त आन्दोलनको घोषणा गरेको हो । यो आन्दोलनमा राप्रपा र राप्रपा नेपालसहित अन्य राजावादी शक्तिहरू पनि सामेल रहनेछन् ।

यो आन्दोलनमा बाह्य शक्तिहरुको संलग्नता नरहने सुवेदीले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । जेठ १५ गतेदेखि देशका विभिन्न भागहरुमा स्वतस्फुर्त जुलुस, धर्नालगायत जनप्रदर्शनहरु गर्न उनले अपिल गरेका छन् । आन्दोलनलाई सफल तुल्याउन प्रत्येक जिल्ला, पालिका तथा वडाहरुमा संयुक्त जनआन्दोलन समिति गठन गर्न उनको प्रस्ताव छ ।

'यो आन्दोलन नेपाली जनताका लागि नेपाली जनताद्वारा गरिने नेपाली जनताको राष्ट्रवादी आन्दोलन हुने छ ।'-विज्ञप्तिमा भनिएको छ । राजावादीले संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र स्थापना, सनातन हिन्दू राष्ट्रको स्थापना र संघीयता खारेजीका तीन प्रतिबद्धता व्यक्त गरेका छन् । उक्त कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङदेनले जेठ १५ गतेदेखि गरिने आन्दोलन निष्कर्षमा पुऱ्याएरै छाड्ने दाबी गरेका छन् ।

देशले थप क्षति व्यहोर्न नपरोस् भन्नको लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई सम्झौताको लागि तयारी गर्न उनले आग्रह गरे ।

मौलिक व्यवस्थामा सहमति गरेर देशलाई निकास दिएर जाऊ भनेर प्रस्ताव आफूहरुको रहेको भन्दै उनले यसलाई अन्देखा गरेर दमनको सहारा लिएमा बढारिनुपर्ने परिस्थिति आउनसक्छ भन्दै चेतावनी समेत दिए । अध्यक्ष लिङ्देनले राजसंस्थाको कुरा गर्नु भनेको लोकतन्त्रको विरोध गर्नु नभएको बताए । पत्रकार सम्मेलनमा राप्रपा नेपालका अध्यक्ष कमल थापा, पूर्व मन्त्री नवराज सुवेदीलगायत राजावादीहरुले राजसंस्था पुनर्स्थापना नभएसम्म आफूहरुको एकता नटुट्ने प्रतिबद्धता जनाएका छन् ।

**भारत–पाकिस्तान द्वन्द्व :**

## सशष्त्र प्रहरीद्वारा १८ सय ४४ स्थानमा चेकप्वाइन्ट



बुटवल । भारत-पाकिस्तान द्वन्द्वपछि सशस्त्र प्रहरी बल नेपालले ४८ घण्टामा सीमा इलाकामा ३ सय १२ वटा पट्रोल र १ हजार ८ सय ४४ स्थानमा चेकप्वाइन्ट राखेको छ । भारत-पाकिस्तान द्वन्द्वपछि सिमानामा कडाइ गरेको सशस्त्र प्रहरीले यस्तो सक्रियता देखाएको हो ।

बैशाख २३ गते मंगलबार बिहानदेखि बिहीबार बिहानसम्म ४८ घण्टामा भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी) सँगको सहकार्यमा सीमा इलाकामा ती चेकप्वाइन्ट स्थापना भएका हुन् ।

ती क्षेत्रहरूमा सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरी, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुर, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही र नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत कार्यालयहरुबाट १० हजारभन्दा बढी सशस्त्र प्रहरी जनशक्ति परिचालन गरिएको छ ।

सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध गतिविधिलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणहरुसँग समन्वय गरी सूचना आदान-प्रदान गरी सीमामा आवतजावत गर्नेहरुलाई निगरानी गर्ने कार्य समेत कडाइकासाथ गरिएको सशस्त्रका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले बताए ।

नेपाल-भारत सीमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावतलाई असहज तथा हैरानी नहोस् भन्नेतर्फ पनि सचेत हुँदै त्यसप्रकारको आवतजावतलाई सहजिकरण गर्ने कार्य समेत गरिएको उनको भनाइ छ । यसैगरी शहरी क्षेत्रका सम्भावित सुरक्षा दिनुपर्ने महत्वपूर्ण ठाउँहरुमा पनि सशस्त्रले निगरानी बढाएको छ ।

## रविन्द्रमाथि तेस्रो अभियोग थप

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई पक्राउ गरेको ४२औं दिनमा प्रहरीले उनीमाथि तेस्रो अभियोग थपेको छ । रिहाइको माग बढ्दै गएको स्थितिमा बिहीबार उनलाई 'आपराधिक उपद्रव' को नयाँ पूर्जी थमाइयो ।

यसअघि प्रहरीले मिश्रमाथि राज्य विप्लव र संगठित अपराधमा अनुसन्धान गर्न भनेर काठमाडौं जिल्ला अदालतसँग म्याद लिइरहेको थियो । छैटौं पटक म्याद थप्दा ४१ दिन गुज्रिएको छ । बयानसमेत भइसकेको र कुनै नयाँ प्रमाण फेला नपरेका कारण मिश्रलाई रिहाइ गर्न चौतर्फीरुपमा आवाज उठिरहँदा दबाबमा परेको प्रहरीले उनको हिरासत बास लम्ब्याउन नयाँ अभियोगको तरवार तेर्स्याएको हो ।

आफूलाई तेस्रो अभियोग थपिएपछि मिश्र बिहीबार इजलासमा आक्रोशित सुनिए । उनले आफूलाई के गर्न खोजिएको हो भनेर बुझ्न नसकेको बताए । न्यायाधीशहरुप्रति पनि उनले गुनासो पोखे । मिश्रलाई ५ दिनको म्याद थप गर्न अदालतले अनुमति दिएको छ ।

गत चैत १५ गते भएको तीनकुने घटनापछि पक्राउ परेका मिश्रमाथि यसअघि राज्यविरुद्धको कसुर र संगठित अपराधको कसुरमा मुद्दा चलाइएको थियो ।

पुनः उनीमाथि आपराधिक उपद्रवको कसुरमा पनि मुद्दा चलाइएपछि मिश्रले आपत्ति जनाएका छन् ।

## स्थानीय सरकारका गुनासा सुन्दै प्रदेश सरकार



दाङ । लुम्बिनी प्रदेश सरकारले प्रदेश सरकार र स्थानीय सरकारका प्रमुखबिच साझा सवालहरुको बारेमा अन्तरक्रिया गरेको छ । प्रदेश सुशासन केन्द्र लुम्बिनी प्रदेशले प्रदेशका १०९ स्थानीय तहका प्रमुखहरुको बिचमा अन्तरक्रिया गर्दै सावा सवालहरुको बारेमा चर्चा गर्दै तीन तहका सरकारको बिचमा समन्वय, सहकार्य र सह-अस्तित्व कायम गर्दै अघि बढ्नुपर्नेमा जोड दिइएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेटमा सम्बोधन गर्ने बताएका छन् । कृषि क्षेत्रले नीतिमा प्राथमिकता पाउने तर बजेटमा नपर्ने समस्यालाई अब समाधान गर्दै आगामी वर्षदेखि सुनिश्चित बजेट व्यवस्था गरिने स्पष्ट पारे । 'तीन तहका सरकारको ध्यान पूर्वाधारमै सीमित भयो । अब जनतालाई उत्पादनसँग जोड्ने गरी कार्यक्रम बनाउनु आवश्यक छ,' उनले भने-'गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर माथि उठाउन संयुक्त कार्यक्रम आवश्यक छ ।'

मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय सरकारबिचको सम्बन्धलाई अझ नजिक बनाउने प्रयास भइरहेको बताउँदै साझा कार्यक्रमको विकासमार्फत् अघि बढ्ने लक्ष्य रहेको बताए । उनले साझा लक्ष्यहरूमा समृद्ध लुम्बिनी निर्माण, सेवा प्रवाहलाई चुस्त बनाउने र जनताको जीवनस्तर सुधार गर्ने विषयहरू रहेका स्पष्ट पारे ।

'तीन तहका सरकारबिच समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक छ । वर्तमान सरकार सहकार्यमा अनुदार छैन । जनताको आशा र भरोसाको सरकारका रूपमा स्थापित हुन सफल भएका छौं । सरकार निरन्तरता प्राप्त उत्तराधिकारी हो,' उनले भने-'विगतका वर्षमा बजेटको आकार बढाउँदा विकृति बढ्यो ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# अनुदान कटौतीले निम्तिने जोखिम

राजस्व संकलन अपेक्षित हुन नसकेपछि संघीय सरकारले प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती गरेको छ। नेपालको संघीय शासन प्रणालीमा तीन तहका सरकार छन्, ती सरकारमध्ये संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई विभिन्न खालको अनुदान दिने संवैधानिक व्यवस्था छ। यही संवैधानिक व्यवस्थाअनुसार, स्थानीय र प्रदेश सरकारले संघीय सरकारबाट अनुदान पाउँदै आएका छन् ।

चालु आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक अवधिसम्ममा राजस्व संकलन वार्षिक लक्ष्यको तुलनामा निकै कमजोर देखिएपछि संघ सरकारले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गर्दा स्थानीय तह र प्रदेश तह प्रत्यक्ष मारमा परेका छन् । यसअघि संघ सरकारले यो शीर्षकमा प्रदेश र स्थानीय तहमा जाने तेस्रो किस्ताबापतको अनुदान पनि कटौती गरेको थियो । अर्थ मन्त्रालयले यही बैशाख १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २० दशमलव ६८ प्रतिशत हिस्सा मात्रै पठाउन भनेको हो ।

अर्थमन्त्रालयका अधिकारीहरुका अनुसार, आर्थिक वर्ष २०८१/०८२ को चैत मसान्तसम्म वार्षिक लक्ष्यको तुलनामा ८२ दशमलव ७२ प्रतिशत मात्र राजस्व संकलन भएको छ । सोही अनुपातमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिएको छ। यसरी लक्ष्यअनुसार राजस्व उठ्न नसकेका कारण प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा चौथो त्रैमासिक किस्ताबापत विनियोजित रकमको २० दशमलव २८ प्रतिशतले हुन आउने रकम मात्रै हस्तान्तरण गर्न भनिएको हो । वित्तीय समानीकरण अनुदान कटौतीबाट स्थानीय तहहरूलाई स्रोत व्यवस्थापनमा ठूलो चुनौती सिर्जना हुनेछ। गत वर्ष पनि राजस्व संकलन अपेक्षित नभएपछि सरकारले अनुदान कटौती गरेको थियो । अनुदान कटौती भएपछि कार्यान्वयन चरणमा गएका कामको भुक्तानीमा समस्या हुनेछ । अधिकांश स्थानीय तहको आन्तरिक स्रोत कमजोर छ । संघ सरकारले पहिले बजेट पठाउने, तर पछि कटौती गर्ने निर्णय गर्दा स्थानीय र प्रदेश सरकार समस्यामा परेका छन् । संघीय सरकारले दिएको बजेटको सीमामा रहेर प्रदेश र स्थानीय तहले बजेट कार्यक्रम बनाए । त्यसपछि बजेट कार्यक्रमअनुसार ठेक्का भयो । अब भुक्तानी हुने समयमा बजेट कटौती हुनुले समस्या भएको छ ।

राजस्व संकलन संकुचित हुँदै गएकोले संघबाट अनुदान घट्दै जाने सम्भावना बढ्दै गएको र आन्तरिक आम्दानी पनि पर्याप्त हुन नसकिरहेको बेला स्थानीय तह र प्रदेशले बजेट निर्माण गर्दा स्रोतमा आधारित बजेट बनाउन ध्यान दिन आवश्यक छ। पहिले झैं स्रोत व्यवस्थापन हुन्छ भन्ने ढंगले हल्का ढंगले सोचेर बजेट निर्माण गर्दा काम हुने, तर भुक्तानी गर्न नसक्ने प्रवृत्ति बढ्ने जोखिम छ । यसले स्थानीय तह र प्रदेशलाई व्यवसायी मारा सरकारको रुपमा परिचित गराउनेछ । यसो हुनु भनेको राज्यप्रति आम नागरिकको नकारात्मक धारणा बन्नका लागि बल पुग्नु हो । स्रोतको संकुचन आयो, अब यथार्थमा आधारित बजेट निर्माण गरौं भनेर संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई सहमत गराउन सक्नुपर्छ ।

# भारत–पाकिस्तान द्वन्द्व र हाम्रो भूमिका



विन बहादुर कुँवर



भारतको जम्मु कस्मिरको पहलगाममा भएको आतंककारी हमला पछि भारत-पाकिस्तानबिच प्रत्यक्ष युद्धको थालनी भइसकेको छ। यही गत बुधबार बिहानदेखि भारतले पाकिस्तानी भूमिमा केही मिसाइल क्षेप्यास्त्रद्वारा हमला गरेको छ। उक्त हमलामा केही दर्जन मानिसहरु मारिएको बताइएको छ। त्यस्तै त्यसको प्रतिकारमा पाकिस्तानले पनि भारतमाथि हमला गरेको छ। जसमा त्यहाँ पनि केही दर्जन भारतीयहरु मारिएको भनिएको छ । त्यस्तै केही क्षेप्यास्त्रहरुलाई पाकिस्तानले बिचमै खसालेको बताइएको छ । जे होस् यी दुई देशबिच पुनः युद्धको घोषणा गरिएको छ । भारत विश्वको चौथो ठूलो शक्तिशाली राष्ट्र हो भने पाकिस्तान क्षेत्रफल जनसंख्या र अरु सबै हिसाबले कमजोर र कम शक्तिशाली राष्ट्र हो। तर हारजित भने कसको हुन्छ अहिले नै आंकलन गर्न सक्ने स्थिति छैन । पाकिस्तान सानै देश भए पनि शस्त्रअस्त्र र फौजी हरहिसाबले त्यति कमजोर भने छैन । भारतसँग टक्कर लिदै आएको छ र लिने आन्तरिक मनोविज्ञानमा पनि उ छ। त्यसैले आफू ठूलो र शक्तिशाली मुलुक भएको रवाफ देखाउन पनि भारतले यस पटक पहिले पाकिस्तानमाथि हमलाको सुरुवात गरेको छ।

यी दुई देशबिचको यो युद्धलाई अहिले तत्काल कसैको पनि समर्थन र सहयोग भएको देखिँदैन। संयुक्त राष्ट्र संघ र अमेरिकाले यसको विरोध गरिसकेका छन् । त्यस्तै चीनले यसलाई दुर्भाग्य भनेको छ। जसरी विश्वका हरेक देशमा हुने यस्ता युद्धका पछाडि कुनै न कुनै रुपमा विश्वका यी तिनै ठूला साम्रराज्यवादी राष्ट्रहरुको भूमिका देखिँदै आएको छ। तर यो भारत-पाकिस्तानबिचको युद्धमा भने यी तिनै ठूला राष्ट्र अमेरिका, चीन र रुसको प्रत्यक्ष हात रहेको अहिलेसम्म देखिएको छैन। कालान्तरमा यी सबै राष्ट्र कुनै न कुनै रुपमा यसमा पनि संलग्नता देखिने निश्चित छ। रुस-युक्रेन युद्धमा जस्तै पक्ष-विपक्ष सबैमा आ-आफ्नो तरिकाले देखिने छन्। यो पनि साम्रराज्यवादी शक्ति राष्ट्रहरुबिचको प्रतिस्पर्धा र होडबाजीकै उपज हो र हुनेछ। जस्तो रुस-युक्रेन युद्धमा त्यसलाई हप्ता दिनभित्रै टुंग्याइदिने रुसको भनाइ थियो। तर त्यो युद्ध अहिले तीन वर्ष पूरा भइसक्दा पनि सकिएको छैन।

अहिले हाललाई यी कुनै पनि राष्ट्रहरु यसमा प्रत्यक्ष नमुछिए पनि चीन भारतभन्दा बढी पाकिस्तानको फेबरमा देखिन सक्छ, किन भने चीन-पाकिस्तानबिच ठूलो आर्थिक र व्यापारिक सम्बन्ध छ । चिनियाँ बीआरआइ अति महत्वाकांक्षी विश्व अभियानमा पाकिस्तान जोडिइसकेको छ। त्यसको विरोध भारतले गर्दै आएको छ। एक प्रकारले भन्ने हो भने चिनियाँ बीआरआइ परियोजनाले भारत घेरिइसकेको छ । भारतका धेरै छिमेकी मुलुक जस्तो पाकिस्तान, श्रीलंका, नेपाल, मालद्वीप आदि देशहरु त यो अभियानमा जोडिसकेका छन्। अब क्रमशः अफगानिस्तान र बंगलादेशमा समेत यो चिनियाँ अभियान लागू हुने सम्भावना बढेर गएको छ। यही अभियानले गर्दा भारत नेपालसँग पनि अलि बढी चिडिदै अएको छ। यसका लागि बढी जिम्मेवार हालका प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली भएको भारतको ठम्याई छ । त्यस्तै रुस भने यी दुवै देश अर्थात् भारत- पाकिस्तानबिच मध्यस्त नै देखिन्छ। रुस-भारतबिच विभिन्न सन्धि सम्झौताले गर्दा तत्काल भारतलाई चिढाउने गरी प्रत्यक्ष पाकिस्तानलाई उचाल्ने काम भने रुसले गर्ने छैन। तर अमेरिकी रवैयामा त्यो भर पर्ने देखिन्छ । अहिलेसम्म अमेरिका अलि बढी भारतको निकटतामा छ। पाकिस्तानमा चिनियाँ प्रवेशलाई अमेरिकाले त्यति राम्रो मानिरहेको छैन। तै पनि भारतको ढूलमूलता अर्थात् कहिले रुस, चीनसँग साझेदारी गठबन्धन अर्थात् 'विरिक्स' रुस, चीन, भारत, ब्राजिल र दक्षिण अफ्रिकाबिचको गठबन्धनलाई अमेरिकाले त्यसलाई त्यति रुचाएको छैन ।

ढिलो चाँडो जति यो भारत-पाकिस्तान युद्ध बढ्दै जान्छ त्यति त्यति यो पनि स्पष्ट हुँदै जानेछ। जस्तो उदाहरण अहिले रुस-युक्रेन युद्धमा देखिँदैछ। एकातिर अमेरिकाले सुरुसुरुमा युक्रेनलाई उचालेर रुसमाथि जाई लाग्न लगायो, तर आखिर रुस-अमेरिकाबिचको एक प्रकारको समझदारीबाट अहिले अमेरिकाले युक्रेनलाई बस उठ पार्दै त्यहाँ रहेको बहुमूल्य धातु सबैमा अमेरिकी स्वामित्व स्थापित गराइसकेको छ । ठीक यस्तै भूमिका अब भारत-पाकिस्तानबिचको यो युद्धमा पनि देखिन सक्छ। यसमा अलि बाधक चीन हुन सक्छ। हुन त चीन-भारतबिचको आपसी द्वन्द्व ठूलै छ। यी दुई देशहरुमा पनि पटक-पटक युद्ध हुँदै आएको छ । दुई ठूला उदाउँदा विश्व शक्तिशाली राष्ट्र पनि भई सकेका छन् । त्यसकारण भारत-पाकिस्तानबिचको यो युद्धले चीनलाई सहयोग नै पुग्ला । तर यही निहुँमा फेरि अमेरिका यी दुई मुलुक चाहे भारत चाहे पाकिस्तान जुनमा पनि युक्रेनमा जस्तै आफ्नो प्रभुत्व जमाउन थाल्यो भने त्यो चीनका लागि ठूलो आपत्तिको विषय हुनेछ । अमेरिकाको अहिलेको मुख्य उद्देश्य भनेको चीनलाई जसरी हुन्छ एक्ल्याउने, घेरा पार्ने र सकेसम्म चिनियाँ बढ्दो साम्राज्यवाद र प्रभुत्वलाई चकनाचुर नै पार्ने त्यो नभए कमेसकम बढ्दो विश्व चिनियाँ साम्राज्यलाई खुम्च्याई आफूमा मात्र सीमित राख्नेमा छ । त्यसैले पनि रुस-चीन भारत-पाकिस्तानबिचको यो युद्धलाई बढाउने र लम्ब्याउने अवस्थामा अमेरिका देखिने छैन । जसरी हुन्छ छिटोछिटो यसलाई एउटा समझदारीमा टुंग्याउने पक्षमा छ। हुन त विश्व हतियार माफिया र तस्करहरु अमेरिका, रुस, चीन सबैमा त्यत्तिकै सक्रिय पनि छन्। यस्तै युद्ध नभड्काई न अमेरिका टिक्न सक्छ, न रुस र चीन पनि। आर्थिक आम्दानीको ठूलो स्रोत नै यही हातहतियार तस्करी नै यिनीहरुको हो। वास्तवमा साम्राज्यवाद भनेकै युद्ध हो। यस्ता युद्ध नै साम्राज्यवादीहरुको प्राण वायु हो । हातहतियारको तस्करी र आतंकबाट यसैमा टिकेको छ।

भारत-पाकिस्तानबिचको यो युद्ध त्यति नयाँ र अहिलेको मात्र होइन। यी देशबिच पाँचौ पटकसम्म यस्ता युद्धहरु भइसकेका छन्। कारण धेरै छन्। त्यसमध्ये पहिलो कारण जम्मुकस्मिरको विषयमा बढी छ । वास्तवमा जम्मुकस्मिर एउटा स्वतन्त्र राष्ट्र थियो र हो । तर त्यसमा बढी आँखा लगाउने काम भारतबाट बढी भएको छ । सबैलाई थाहा भएकै कुरा हो भारत यो क्षेत्र अर्थात् दक्षिण एसियाका अरु मुलुकभन्दा ठूलो र बढी शक्तिशाली राष्ट्र छ। यही दम्भ र घमण्डका कारण उसले पटक-पटक अरु छिमेकी राष्ट्रहरुमाथि हस्तक्षेप र अतिक्रमण गर्दै आइरहेको छ । नेपाल, श्रीलंका, मालद्वीप अनि बंगलादेश आदि मुलुकहरुमा यो देखिंदै आएको छ। सिक्किमलाई त आफ्नै छुट्टै प्रान्त बनाई नै सकेको छ । भुटानमा भारतीय सेना तैनाथ छ। परराष्ट्रनीति सबै भारत हुँदै आएको छ। त्यस्तै काम जम्मुकस्मिरमाथि पनि भारतले गर्दै आएको थियो र छ। त्यसमा बाधक पाकिस्तान हुने गरेको छ। जनसंख्या र भू-भागको हरहिसाबले जम्मुकस्मिर पाकिस्तान नजिक छ । मुस्लिम बाहुल्य क्षेत्र बढी भए पनि त्यसको शासक हिन्दु भएकाले धार्मिकताका नाममा भारतले सिक्किमलाई जस्तै जम्मुकस्मिरलाई पनि आफ्नो छुट्टै परान्त भनी घोषणा गर्नु नै यो भारत-पाकिस्तानबिचको युद्धको मूल कारक तत्व हो । यस अर्थमा पाकिस्तानलाई पुरै आतंकवादी हो भन्न मिल्दैन जुन विल्ला भारतले लगाउँदै आएको छ। जहाँसम्म आतंककारीलाई पाल्ने काम त माथि भने जस्तै साम्राज्यवादको हो। त्यसमा केही सहयोग भारत-पाकिस्तान दुवैको छ। त्यसकारण यो अहिले भारत-पाकिस्तानबिचको द्वन्द्वमा कसैको पक्ष-विपक्षमा भन्दा तटस्तता, स्वतन्त्र र मध्यस्तता नै सही हो ।

केही दिन पहिले भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवाले नेपालमा आई यो विषय अर्थात् भारत-पाकिस्तानबिचको द्वन्द्वलाई आफ्नो पक्षमा पार्न ठूलो कसरत गरे। प्रायः सबै दल नेताहरुसँग भेट गरी फर्के। निश्चय नै भारतले यसो गर्नु अन्यथा होइन । तर यसको पूर्ण समर्थन वा विरोध गर्नुपर्ने छैन । पाकिस्तान पनि हाम्रै छिमेकी सार्क सदस्य मुलुक नै हो। यसमा पूरै पक्ष वा पूरै विपक्षमा होइन, माथि भने जस्तै तथटस्तता र मध्यतता नै हो। नेपालले अहिले सार्क मुलुकको अध्यक्षता गरिरहेको छ। यसको नाताले पनि यी दुई देशबिच त्यस्तो मध्यस्तता गर्नु र गराउनु नेपालको दायित्व पनि हो । तर नेपालले अहिलेसम्म पनि त्यसप्रति ध्यान नै दिइरहेको छैन। उल्टै केही भारतीय दलालहरु सदनमा कुर्लदै पाकिस्तानी सेना अहिले नेपाल आएकोमा आपत्ति गरिरहेका छन्। जबकि भारतीय सत्ताधारी दलका नेता आउँदा फूलमालासहित स्वागत गर्ने तर पाकिस्तानी केही सेना जुन पूर्णवत निर्णयअनुसार सैनिक अभ्यासका लागि यहाँ आउँदा उनीहरुको टाउको दुख्नुको कारण के हो ? भारतीय दलाल जसको सिता खाई उसको गला मिलाइप्रति त्यति ध्यान दिनुपर्ने छैन। तर यसप्रति भने नेपाल सरकार अत्यन्त सचेत र सावधानी हुनु जरुरी छ । क. माओले साम्राज्यवादलाई मापाको भन्नु भएको थियो । अर्थात् साम्राज्यवाद अति छट्टु, जाली र षड्यन्त्रकारी भएको, भन्ने एउटा गर्ने अर्को स्वभावको हुन्छ । ठीक यो भारतीय विस्तारवाद अर्थात् साम्राज्यवादप्रति पनि लागू हुन सक्छ। भारतले जे जे गर्छ अर्थात् यस्तै हमला र अतिक्रमणलाई समर्थन वा यसको विरोध केही नगरी मौन बस्दै जाने हो भने कुनै दिन आफैँमाथि यसैगरी आइलाग्दा के भन्ने र के होला ? हेक्का राख्नु पर्छ कि पर्दैन ? नेपाल सरकारले बुझोस् ।

यसै प्रसंगमा केही दिन पहिले प्र.म. केपी ओलीले हाम्रो परराष्ट्र नीतिको चर्चा गर्दै नेपाल असंलग्न परराष्ट्र नीतिमा आधारित पञ्चशीलताको सिद्धान्तलाई अवलम्ब गर्दै आएको बताएका थिए। यसमा शंका गर्ने कुनै कारण छैन। तर यो अहिले भनेर मात्रैले पुग्दैन। सिद्धान्त र नीति भट्टाएर मात्रैले पुग्दैन। ठोसमा भन्नु र गर्नु पर्दछ। सार्क राष्ट्र प्रमुखको नाताले पनि यो भारत-पाकिस्तानबिचको द्वन्द्वको समाधानको लागि दुवै राष्ट्रहरुको मध्यस्तताका लागि सार्क बैठक नेपालले बोलाउनै पर्दछ। यसमा सकेसम्म सबैलाई उपस्थित गराउने प्रयत्न गर्नुपर्दछ। सम्भवतः भारत बाहेक अरु छिमेकी मुलुक यसमा उपस्थिति र सहभागी हुने निश्चित जस्तै छ। बेला आउँछ पर्खदैन भने जस्तै अहिले नेपालका लागि यो ठूलो अवसर छ । यो राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको विषय पनि छ। तर के गर्ने दुःखको कुरा 'आफैं त महादेव लम्पसार अब कसले देला वरदान ।' अर्थात् प्रम ओली सत्ताबाट बाहिरिने आज हो कि भोलि दिन गन्ती हुँदैछ, यसप्रति उनको ध्यान कसरी पुगोस् । त्यस्तै ने.का. सभापति देउवा फेरि प्रधानमन्त्री पद झर्ला र खाउँला पनि मुख मिठ्याउँदै बसेका छन् । अर्का नेता प्रचण्ड पनि त्यस्तै कहिले ओलीलाई झम्टी देउवालाई मख्ख पार्छन् भने कहिले लाजै नमानी ओलीलाई भेटी देउवालाई तर्साउन थालेका छन् । यसरी यस्तै अन्तर्राष्ट्रिय आपसी द्वन्द्व त सवालहरुमा सबै चुप लागि घुमाई फिराई भारतीय शासकहरुलाई साथ दिने काम गरिरहेका छन् । तर भविष्यमा यस्तै समस्या नेपालमाथि पर्दा के गर्ने बल्ल बुझ्ने छन् । तर राष्ट्रघाती दलालहरुलाई देशको राष्ट्रियता, स्वाभिमान र स्वतन्त्रप्रति के माया ? लेण्डुपे बन्न पनि पछि पर्ने छैन ।

# नेप्से परिसूचक १२ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। बिहीबार नेप्से परिसूचक १२ दशमलव शून्य चार अङ्कले घटेर दुई हजार छ सय ६१ दशमलव ६४ को विन्दुमा कायम भएको हो ।

तीन सय १५ कम्पनीको तीन करोड सात लाख ९९ हजार ९१ कित्ता शेयर एक लाख तीन हजार तीन सय १९ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ६५ करोड १७ हजार आठ सय ५१ बराबरको कारोबार भएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ८२, विकास बैंक एक दशमलव ५६, होटल तथा पर्यटन शून्य दशमलव १४, लगानी शून्य दशमलव शून्य चार, लघुवित्त शून्य दशमलव १३, निर्जीवन बिमा शून्य दशमलव १७, व्यापार दुई र अन्य समूहको उपसूचक एक दशमलव ८१ प्रतिशतले घटेको छ।

सबैभन्दा बढी वित्त समूह चार दशमलव ३० प्रतिशतले बढेको छ । त्यस्तै जलविद्युत् शून्य दशमलव शून्य तीन, जीवन बिमा शून्य दशमलव शून्य एक, उत्पादन तथा प्रशोधन शून्य दशमलव १७ र म्युचुअल फण्ड शून्य दशमलव शून्य सात प्रतिशतले बढेको छ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको रु ७८ करोड ४५ लाख ९६ हजार चार सय १३ बराबरको कारोबार भएको छ।

# बर्दघाट पूर्ण संस्थागत प्रसूति सेवायुक्त एवं पूर्णखोप दिगोपना सुनिश्चितता पालिका घोषणा



परासी । बर्दघाट नगरपालिका 'पूर्ण खोप र एवं सस्थागत प्रसुति सेवायुक्त' सुनिश्चितता नगर घोषणा भएको छ । २ वर्ष अगाडि नेपालकै पहिलो संस्थागत सुत्केरी सेवा पूर्ण रुपमा उपलब्ध गराउने नगरपालिका घोषणा गरी पूर्णखोप युक्त सुनिश्चिततासहितको घोषणा गरिएको हो । जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव रुदलले बिहीबार एक कार्यक्रमको बिच बर्दघाट नगरपालिका 'पूर्णखोप एवं सस्थागत प्रसूति सेवायुक्त' सुनिश्चित नगर घोषणा गरेका हुन्।

घोषणा कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख यादवले नगर शिक्षा र स्वास्थ्यको क्षेत्रमा अनुकरणीय बनेको उल्लेख गर्दै मानव विकास सूचकाङ्क सुधारका लागि यस्ता कार्यक्रम महत्वपूर्ण भएको बताए।

नगरप्रमुख शम्भुलाल श्रेष्ठले शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी काम गर्दा स्वास्थ्य क्षेत्रमा सकारात्मक उपलब्धि देखिएको बताए।

हाल बर्दघाट नगरपालिकामा हाल १७ वटा आधारभूत स्वास्थ्य संस्था र दुईवटा अस्पतालमार्फत् स्वास्थ सेवा दिइँदै आएको छ। नगर उप-प्रमुख रुद्रप्रकाश उपाध्यायले सामाजिक र आर्थिक विकाससँगै किशोर र बालबालिकालाई सही मार्गमा डोऱ्याउन नगर प्रतिबद्ध रहेको बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत प्रकाश खनालले सामाजिक सूचकाङ्क सुधारका लागि गरिएको स्वास्थ्यसम्बन्धी कामहरूको नियमित समीक्षा भइरहेको उल्लेख गरे। खोपले व्यक्तिलाई मात्र नभइ भविष्यको पुस्तालाई सुरक्षित बनाउने भएकाले सबै बालबालिकालाई अनिवार्य खोप आवश्यक रहेको उनको भनाइ छ।

बर्दघाट नगरका स्वास्थ्य शाखा प्रमुख माधव ज्ञवालीका अनुसार नगरभित्रका सबै बालबालिकाले आवश्यक सबै खोप प्राप्त गरिसकेका छन् भने गृह प्रसूति शून्यमा झरेको छ।

प्रोटोकल अनुसार गरिएको चारपटकको स्वास्थ्य परीक्षणमा १ हजार ३ सय ९९ महिलामध्ये ९५ दशमलव ८२ प्रतिशतले स्वास्थ्य संस्था पुगेर प्रसूति गराएको तथ्याङ्क छ । १५ महिनासम्मका १ हजार २ सय बालबालिकाको खोप कार्ड बनेको छ भने १६ महिनादेखि ५९ महिनासम्मका ३ हजार ५ सय ८२ बालबालिकाले खोप प्राप्त गरिसकेका छन् ।

# शान्ति सुरक्षा अमन चयन कायम गर्न प्रहरी नागरिको सहकार्य जरूरी

नवलपरासी । पश्चिम नवलपरासीमा सरुवा भएर आएका प्रहरी उपरीक्षक अनुपम श्रेष्ठले समाजमा शान्ति सुरक्षा अमन चयन कायम गर्न प्रहरी नागरिको सहकार्य जरुरी भएको बताएका छन् ।

बिहीबार जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीमा सञ्चारकर्मीहरुसँगको परिचयात्मक तथा अन्तरकृया कार्यक्रममा उनले उक्त कुरा बताएका हुन् । बुधबार जिल्ला आएका उपरीक्षक श्रेष्ठले प्रहरी र नागरिकको दुरीलाई प्रगाड बनाएर जिल्लामा आफूले काम गर्ने जनाए । जिल्लाका सञ्चारकर्मीको सुझावले आफूलाई जिल्लामा काम गर्न सहज हुने भएका कारण सञ्चारकर्मीको सुझावका आधारमा जिल्लामा आफूले आफ्नो कार्य सम्पादनलाई अगाडि बढाउने उनले औंल्याए । प्रहरीबाट केही कमीकमजोरी भए त्यसको जिम्मेवारी प्रहरी प्रमुखका हैसीयतले आफूले लिने बताउँदै उनले त्यस्ता कार्य हुन नदिनेतर्फ आफू चनाखो हुने बताए ।

अन्तरकृया कार्यक्रममा जिल्लाका सञ्चारकर्मीहरुले प्रहरीले काम गर्दा निष्पक्ष भएर आम नागरिकलाई शान्ति सुरक्षाको अनुभूति दिलाउनु पर्नेमा जोड दिएका थिए । खुल्ला सिमानाबाट हुने तस्करी, नदीजन्य पदार्थको चोरी निकासी, लागुऔषध नियन्त्रणमा प्रहरी चनाखो भएर लाग्नु पर्ने सुझाब सञ्चारकर्मीहरुले दिएका थिए ।

# 'माथागढी पार्क' स्थानीय सरकारलाई हस्तान्तरण

तानसेन । जिल्लाको माथगढी गाउँपालिका-५ मा रहेको ऐतिहासिक माथागढी उद्यान पार्क निर्माण गरी माथागढी गाउँ सरकारलाई हस्तान्तरण गरिएको छ । नेपाली सेना मध्यपश्चिम हेक्डक्वाटर बुटवलको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको उद्यानको पृतनापति उपरथि प्रेमबहादुर पुनले गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीलाई हस्तान्तरण गरेका छन् ।

करिब रु आठ लाखमा नेपाली सेनाले पार्क निर्माण गरेको हो । यो गढी तत्कालीन भूरे राजाले निर्माण गरेका थिए । भूरे राजाको विस्तृत इतिहास थाहा नभए पनि स्थानीय बुद्धिजीविका अनुसार पाल्पाका सेन राजामध्येका राजाले यस स्थानमा गढी बनाइ बसेको र पछि राजाले यस स्थान छाडेर गएको भन्ने भनाइ छ । एक्कासी राजाले यस स्थान छाडेर गएपछि राजा उडेर गए भन्ने किंवदन्ती रहेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् ।

नेपाल अंग्रेज युद्धको दौरानमा यहाँको गढीलाई बलियो बनाई तत्कालीन कर्णेल उजीरसिंह थापाले दक्षिण पूर्वीभागबाट हुनसक्ने सम्भावित अंग्रेज फौजको हमलाको विरुद्ध रक्षात्मक लडाई लड्न तीन सय जनाको टुकडी यस गढीमा तैनाथ गरेका भन्ने जानकार बताउँछन् ।

"दक्षिण जीतगढीतर्फको असफलतापछि पाल्पा आक्रमणका क्रममा अंग्रेज फौजले दक्षिण पूर्वीदिशाबाट हमलाका लागि अंग्रेज फौज आइरहेको हल्लापछि कर्णेल उजीरसिंहले यस किल्लालाई मजबुद बनाउँदै फौज तैनाथ गरेका थिए ।

अंग्रेज फौजलाई बाटो देखाउने तत्कालीन पाल्पा राज्यका सल्लाहकार कनकनिधि तिवारी नदीमा बिहानको स्नान गर्न गएका बेला मारिएपछि अंग्रेज फौजले बाटो पत्ता लगाउन नसकी यस गढीमाथि हमला गर्न सकेनन् । साथै जीतगढी र नुवाकोट गढीमा अंग्रेज फौजलाई रोक्न नसकेको अवस्थामा यस गढीमा आई लड्ने वैकल्पिक योजनासहित किल्लाका रूपमा गढीको स्थापना भएको हो इतिहास छ ।"-अध्यक्ष चिदीले भने ।

---

**स्थानीय...**

अब प्रदेश सरकारले घाटाको बजेट नल्याउने प्रण गरेको छ । अधुरा योजनाहरू सम्पन्न गर्ने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउँछौं ।'

मुख्यमन्त्री कार्यालयका सचिव कविन्द्र नेपालको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा निमित्त प्रमुख सचिव ईश्वरराज पौडेलले प्रदेश सरकार र स्थानीय तहबिचको सहकार्य र समन्वयलाई नयाँ उचाइमा पुर्‍याइने बताए ।

प्रदेश सरकारले टुक्रे योजनामा बजेट केन्द्रित गर्दा उपलब्धि देखिन गाह्रो भएको भन्दै आगामी वर्षको बजेटमा साना योजनाहरू घटाउन सुझाव दिइएको छ । प्रदेश सरकारले थालनी गरेका योजना अधूरा रहेको र ती योजनालाई सम्पन्न गर्ने गरी प्राथमिकता दिनुपर्ने उल्लेख गरिएको छ ।

योजना छनोट गर्दा प्राथमिकताको आधार तय गर्नुपर्ने, प्रत्येक पालिकामा कानुन अधिकृत पठाउनुपर्ने, सचिवालय व्यवस्थापनका लागि नीति सुधार आवश्यक रहेको सुझाव स्थानीय सरकारका प्रतिनिधिहरूले दिएका छन् ।

प्रदेश र स्थानीय सरकारबिच सहकार्यका थुप्रै क्षेत्र रहेका, प्रदेश सरकारले गरेका काममा नागरिकको निगरानी बढाउने गरी अनुगमन संयन्त्र विकास गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

**श्री ढोडेनी आँपपाटा रिपाहा सामुदायिक वन उपभोक्ता समुह,**
**सन्धिखर्क न. पा. ४, अर्घाखाँची**

## काठ दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१/२६

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई सन्धिखर्क न. पा.-४ मा घाटगद्दी गरी राखिएको खोटेसल्ला लगायत जातको ७३३ थानको २३७१.४ क्यू. फि. काठ जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा डिभिजन वन कार्यालयम अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

## गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालय
# पूर्वाधार विकास निर्देशनालय
### पूर्वाधार विकास कार्यालय, नवलपरासी(ब.सू.पू)
### गण्डकी प्रदेश, नवलपरासी(ब.सू.पू)

# आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना ।

सूचना प्रकाशित मितिः २०८२/०१/२६

यस कार्यालय नवलपरासी(ब.सू.पू) बाट मिति २०८१।११।२१ मो लागि राष्ट्रिय दैनिक तथा https://bolpatra.gov.np/egp/मार्फत सूचना प्रकाशन गरी तपसिलको ठेक्काहरुको बोलपत्रहरु आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङकन समितिले तपसिलका तपसिल बमोजिमको ठेक्कामा तपसील बमोजिमका बोलपत्रहरु प्राविधिक प्रस्तावमा सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियमा ३१ ज को उपनियमा ५ बमोजिम तपसिल बमोजिमको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न | कार्यको विवरण | प्राविधिक प्रस्तावमा वोलपत्रदाताहरुको नाम |
|---|---|---|
| 1 | Construction of Kakarsot Khola Bridge, Gaidakot Municipality Contract Identification No.: IDO-NAW(BSE)-W-NCB-BRD-01-2081/82 | M/S S.K. Dhawalagiri Nirman Sewa Pvt. Ltd., Gangabu |
| | | M/S Devchuli Nirman Sewa, Devchuli-7, Nawalparasi |
| | | M/S Grand Infrastructure Nepal Pvt. Ltd., Gangabu |
| | | M/S H.C.-P.N.S JV, Devchuli-13 |
| | | M/S MY Construction and Builders, Phalewas |
| | | M/S N.L.S Pvt. Ltd., Rolpa |
| | | M/S Prasad-Gud Engineering JV, Chitwan |

**आर्थिक प्रस्ताव खोल्ने मिति समय र स्थानः मिति र समयः** २०८२।०२।०२ स्थानः पूर्वाधार विकास कार्यालय, नवलपरासी(व.सू.पू) दिउँसो १३:०० बजे

**कार्यालय प्रमुख**

## Gandaki Provincial Government
## Ministry of Physical Infrastructure Development and Transport Management
# Infrastructure Development Directorate
## Infrastructure Development Office
### Nawalaparasi (Bardaghat Susta East)

# Invitation for Bids

**Date of publication: 2082-01-26 BS**

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites online bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding under 1S2E bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S.N. | Name of Project and Contract ID | Qualification Details | Bid Document fee | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | Dhambeshi maitar dekhi okhle kotdhar sadak starunnati, Bulingtar 1, Contract ID: IDO-NAW(BSE)-W-NCB-60-2081/82 | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years = 32200000 Minimum Work experience of similar size and nature = 8600000 | 5000 | 605000 |

Last date of bid submission: 2082-02-25, 12:00 PM

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank:- Rastriya Banijya Bank Ltd.

Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi ( Bardaghat Susta East)

Office Code no. :- 3370146014

Office Account no(Rajaswa).: - 1000100200010000

Rajaswa (revenue) Shirshakno. : 14229


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# महिला र पुरुष ब्याडमिन्टन तथा टेबलटेनिस हुँदै




बुटवल । रोट्र्याक्ट क्लब अफ लुम्बिनी स्टार्स र रोट्र्याक्ट क्लब अफ तिलोत्तमा रुपन्देहीको संयुक्त आयोजनामा बुटवलमा महिला र पुरुष ब्याडमिन्टन तथा टेबलटेनिस प्रतियोगिता हुने भएको छ। क्लबले बिहीबार पत्रकार सम्मेलन गरी यही बैशाख २७ गते शनिबार देवीनगर ब्याडमिन्टन क्लबमा प्रतियोगिता आयोजना हुने जानकारी गराएको छ।

प्रतियोगितामा रोट्र्याक्ट र रोटरी क्लबहरुमा आबद्ध भएका सदस्यहरु सहभागी हुन पाउने कार्यक्रम संयोजक समिर पाण्डेले जानकारी दिए। ब्याडमिन्टन र टेबलटेनिस दुवै प्रतियोगतामा महिला र पुरुष सिंगल र डबल गरी ४ वटा विधामा प्रतिस्पर्धा गराइने उनले बताए। दुवै प्रतियोगतामा बिजेता हुने टिमले सिंगलतर्फ नगद ३ हजार तथा डबलतर्फ ५ हजार नगद, मेडल र प्रमाणपत्र पाउने कार्यक्रम संयोजक पाण्डेले जनाए। प्रतियोगितामा सहभागी हुन सिंगलतर्फ एक टिमलाई ३ सय र डबलतर्फ ५ सय शुल्क तोकिएको उनले बताए।

प्रतियोगितामा करिब १०० वटा टिम सहभागी हुने अनुमान गरिएको र बिहीबारसम्म ७० टिमले नाम दर्ता गराइसकेका रोट्र्याक्ट क्लब अफ लुम्बिनी स्टार्सका अध्यक्ष सरोज पाण्डेले बताए । दुवै प्रतियोगितामा स्वतन्त्र रेफ्री रहने बताउँदै विवादरहित ढंगले कार्यक्रम सम्पन्न हुने उनले बताए। प्रतियोगितामा सहभागी हुने टिमले शुक्रबार साँझसम्म नाम दर्ता गरिसक्नुपर्ने अध्यक्ष पाण्डेले बताए। एउटा क्लबबाट एकभन्दा बढी टिम पनि सहभागी हुन पाउने, तर खेलाडी क्लबको सदस्य हुनुपर्ने उनले जनाए।

क्लबहरुबिचको आपसी भाइचारा सम्बन्ध विकास गर्ने र खेल क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको क्लबका संस्थापक अध्यक्ष विमल ढकालले बताए। साथै उनले प्रतियोगितामा सहभागिताका लागि आग्रह पनि गरे । प्रतियोगिता सम्पन्न गर्नका लागि ५० हजार रुपैयाँ बढी खर्च हुने आयोजकको अनुमान छ।

# लुम्बिनीमा दलित अधिकार ऐन बन्दै

दाङ । लुम्बिनी प्रदेश सरकारले दलित अधिकारसम्बन्धी ऐन निर्माणको प्रक्रियागत छलफल अघि बढाएको छ। दलित अधिकार सम्बन्धि विधेयकको प्रस्तावनालाई सामाजिक विकास मन्त्रालयले अघि बढाएको हो।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले दलित अधिकार ऐन निर्माणका सम्बन्धमा छलफल गरेका छन् । बिहीबार सामाजिक विकास मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) मा आयोजित छलफल कार्यक्रममा सामाजिक विकास समितिका सभापति यमबहादुर नेपाली, लुम्बिनी प्रदेशसभा सदस्यहरू, मुख्यमन्त्री कार्यालय, आर्थिक मामिला मन्त्रालय र आन्तरिक मामिला मन्त्रालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

दलित समुदायको अधिकार सुनिश्चित गर्ने उद्देश्यले तयार पारिएको विधेयकको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको छ।

छलफलमा सहभागीहरूले प्रस्तावित ऐनले दलित समुदायको जीवनस्तर उकास्न सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । साथै, सहभागीहरूले ऐनमा आवश्यक संशोधन र सुझावहरू समावेश गरिने गरी थप परामर्श आवश्यक रहेको धारणा समेत राखेका थिए।

सामाजिक समावेशिता र न्यायसंगत समाज निर्माणको दिशामा लुम्बिनी प्रदेश सरकारले चालेको यो कदमप्रति सरोकारवालाहरूले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका छन्।


अनुसूचि १५
(दफा ३३ को उपदफा (२) सँग सम्वन्धित )

## काठ/दाउराको बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः२०८२/०१/२६

श्री नवजागृति सामुदायिक वन उपभोक्ता समूह बाणगंगा नगरपालिका २,गोवडिहवा, कपिलवस्तुको वन क्षेत्रबाट आ.व.२०८१/०८२मा उत्पादन भइ धाटगद्धि भएको साल जातको गोलिया १०७९ थानको ६८८४.०० क्यू.फिट.काठ र अस्ना,कुसुम, वाँझी,वर्रो लगायत अन्य जातको गोलिया ६६ थान को ५३७.६२ क्यू.फिट. काठ र साल जातको दाउरा १६ चट्टा र अन्य जातको २ चट्टा गरी १८ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरीएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो प्रथम पटक सुचना प्रकाशित गरेको मितिले २१ दिन सम्ममा सिलवन्दि वोलपत्र खरिद गरी २२ दिनको १२ वजे सम्ममा गोप्य सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।यस सम्वन्धि विस्तुत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पार्टिमा टाँस गरिएको छ।

सम्पर्क नं.९८४७३३०५०७

**नवजागृति सामुदायिक वन उपभोक्ता समुह**
वाणगंगा न.पा.०२,गोवडिहवा,कपिलवस्तु।



## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुञ्जलापुर, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

( सूचना प्रकाशन मिति :२०८२ / ०१ / २६)

यस नगरपालिकाको आ.ब. २०६१ / ०८२ का लागि देहायका नदीघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गरि घाटगद्दि गर्ने र घाटगद्दिस्थलबाट बिक्री वितरण गर्ने कार्य बोलपत्रको माध्यमबाट गराउनको लागि यस कार्यालयबाट मिति २०८१/१२/२५ गतेको मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु प्रचलित कानून बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र मूल्यांकन समितिको मिति २०८२/०१/२५ गतेको सिफारिस अनुसार बोलपत्र स्विकृतको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र. स. | आय ठेक्का नं. | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कार्यको विवरण | स्थान | कबोल अंक रु. मु. अ. कर बाहेक |
|---|---|---|---|---|---|
| १ | १६/२०८१ /०८२ | बस्याल विन्दवासिनी निर्माण सेवा, पुतलीसडक, काठमाण्डौ | नदीजन्य पदार्थ उत्खनन् एवं घाटगद्दी गरि बिक्री गर्ने कार्य | तिलोत्तमा- ६. गोरकट्टा | ३,०१,९२,१३०।०० |
| २ | १७/२०८१ /०८२ | बस्याल विन्दवासिनी निर्माण सेवा, पुतली सडक, काठमाण्डौ | | तिलोत्तमा - ६, हरपुर | ७८,१२,७९९०० |
| ३ | १९/२०८१ /०८२ | देव सप्लायर्स, तिलोत्तमा-१४ | | तिलोत्तमा-१४, बाग्धुरा र चम्कीपुर | ३,३६,४९,१५४।०० |

प्रमुख प्रशासकीय अधिकृत



## मल्लरानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०१/२६**

मल्लरानी गाउँपालिका बाट मिति २०८१/१२/२५ मा बिद्युतिय खरिद प्रणाली (E-Bidding) मार्फत बोलपत्र आह्वान भई मिति २०८२/०१/१९ मा रितपुर्बक पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले कबोल गरेको अंक मुल्याङ्कनबाट सारभुत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रलाई स्वीकृतका लागी छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको बिवरण | छनोट गरिएका बोलपत्रदाता | कुल कबोल रकम (भ्याट/पी.एस. सहित |
|---|---|---|---|
| 18-MRM/ NCB-081/082 | Construction of Girchaur Lift Khanepani Yojana | Jagnath Construction Mallarani-4 Pyuthan | रु. २६५४७७१।०२ |

प्रमुख प्रशासकीय अधिकृत



## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्कः**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/२६ गते**

समावेशी वित्तीय प्रणालीको निर्माण गर्ने अभियान अनुरुप सामुदायिक बैंङ्किङ संचालन तथा प्रवर्द्धन गर्नका लागि स्थापित नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था पूर्वको पर्सा देखि कञ्चनपुर सम्मका तराईका ११ वटा जिल्ला र पहाडी ८ वटा जिल्ला गरी जम्मा १९ जिल्ला कार्यक्षेत्र रहेको यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल, रुपन्देहीमा रहेको छ। यस वित्तीय संस्थाको विभिन्न तहमा केही कर्मचारीहरुको आवश्यकता परेकाले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ठेगानामा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता/कार्य अनुभव |
|---|---|---|---|---|
| ६/२०८१/०८२ | वरिष्ठ सहायक | सहायक | ५ जना | प्रविणता प्रमाणपत्र उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था, सामुदायिक बैंकिङसँग सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्षको कार्य अनुभव |
| ७/२०८१/०८२ | सहायक | सहायक | ४ जना | प्रविणता प्रमाणपत्र उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था, सामुदायिक बैंकिङसँग सम्बन्धित क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव |
| ८/२०८१/०८२ | कनिष्ठ सहायक | सहायक | केही | एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धीत क्षेत्रमा ६ महिनाको कार्य अनुभव। |
| ९/२०८१/०८२ | प्रशिक्षार्थी सहायक | सहायक | केही | एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण। |

**उमेरः-** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै महिला उमेद्वारको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हुनेछ।

**परीक्षाको किसिम :-** वरिष्ठ सहायक, सहायक र कनिष्ठ सहायकको हकमा अन्र्तवार्ता तथा कम्प्युटर जाँच हुनेछ र प्रशिक्षार्थी सहायक को हकमा अन्र्तवार्ता मात्र हुनेछ।

**प्राथमिकतामा पर्नेः**-लाईसेन्स भई मोटरसाइकल/स्कुटर समेत भएकालाई विशेष प्राथमिकता दिईनेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :-**

रितपूर्वक भरिएको संस्थाको दरखास्त फारम, व्यक्तिगत विवरण (बाँयोडाटा), नेपाली नागकिताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, कार्यअनुभव तथा तालिमका प्रमाण-पत्रहरुको प्रतिलिपि, सवारी साधन चालक अनुमति पत्रको प्रतिलिपि (भएमा), हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति

**दरखास्त फारम :-** यस वित्तीय संस्थाको वेभसाइट www.jucbank.com.np मा गई Download मा राखिएको दरखास्त फारम डाउनलोड गर्न सकिनेछ।

**आवेदन बुझाउने स्थान :-** वित्तीय संस्थाको वेभसाईटमा Publication भित्र Career भित्र Apply Now मा गई आवेदन फर्म भर्न सकिने छ। प्राप्त दरखास्तहरु कारण खोली वा नखोली कुनै वा सबै, अस्वीकृत गर्न सक्ने अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ।

(नोटः रितपूर्वक परेका दरखास्त मध्ये छनौट सूचीमा परेका उम्मेद्वारहरुलाई मात्र परिक्षामा सामेल गरिनेछ।)

**पदपूर्ति समितिः**

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही ।
फोन नं. ०७१-४३८१७१, Website:- www.jucbank.com.np



**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्थामा कार्यरत पूर्व कर्मचारीहरुलाई**

## कर्मचारी कर्जा सापटी चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना।

(प्रकाशित मितिः २०८२/०१/२६ गते)

यस वित्तीय संस्थाको तपसीलमा उल्लेखित पूर्व कर्मचारीहरुले कर्मचारी कर्जा सापटी शिर्षक अन्तर्गत कर्जा लिदाँ संस्था सँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनुपर्ने सावाँ, ब्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी सर्त कबुलियतहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण कर्जा रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत नतिरी, नबुझाई संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरि बसेको हुँदा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा तिर्नु बुझाउनु पर्ने कर्जा र सो सँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला। साथै, उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत जमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्य थप जानकारीका लागि संस्थामा सर्म्पक गर्नुहोला।

| ऋणीको नाम र ठेगाना | ना.प्र.नं./जिल्ला/मिति | तिनपुस्ते विवरण | कर्जा सापटीमा व्यक्तिगत जमानीकर्ता | कर्मचारीको अभिभावक/जमानीकर्ता |
|---|---|---|---|---|
| उपेन्द्र प्रसाद यादव पिप्राढी-०८, बारा | ३३१०६०/२३६३, बारा, २०७९-०३-२२ | बाबुः मिश्रीलाल प्रसाद यादव बाजेः राम तपस्या राय यादव | मिश्रीलाल प्रसाद यादवको बुहारी उपेन्द्र प्रसाद यादवको श्रीमती बारा जिल्ला देवताल गा.वि.स. वडा नं. ५, बस्ने रेणु कुमारी यादव ना.प्र.नं. ३३-०१-७४-०६०७०, बारा, २०७४-०६-२९ कमलधोज गुरुङ्गको नाति डम्बर बहादुर गुरुङ्गको छोरा चितवन जिल्ला भरतपुर मा.न.पा. वडा नं. २९, जुगेडी बस्ने डिल बहादुर गुरुङ्ग | मिश्रीलाल प्रसाद यादवको छोरा बारा जिल्ला पिप्राढी गा.वि.स. वडा नं. ८, बस्ने उपेन्द्र प्रसाद यादवको दाई नाता पर्ने गजेन्द्र प्रसाद यादव ना.प्र.नं. ३३१०६०/१३३११, बारा, २०६६-०२-२७ |
| अन्जली बर्मा तुल्सीपुर उ.म.न.पा.-३, दाङ्ग | ५२-०२-७४-०१६३४, दाङ्ग, २०७४-०३-२३ | बाबुः छविलाल नेपाली बाजेः आइतराम नेपाली | काले दमाईको नाति दुजिराम दमाईको छोरा दाङ्ग जिल्ला धनौरी गा.वि.स.-६, बस्ने टेकेन्द्र परियार ना.प्र.नं. ५२२०३८/२५३८, दाङ्ग, २०७०-०८-१३ | अन्जली बर्माको आमा नाता पर्ने सुन्तली नेपाली दाङ्ग जिल्ला तुलसीपुर उ.म.न.पा.-३ |
| सुदिप चौधरी मोतिपुर गा.वि.स.-५, बर्दिया | ६५३०१३/१२१८, बर्दिया, २०६३-११-२६ | बाबुः तालु कदार थारु बाजेः बेझौ थारु | विष्णु प्रसाद पौडेलको छोरी सुदिप चौधरीको श्रीमती बर्दिया जिल्ला मोतिपुर गा.वि.स.-६, बस्ने सन्ध्या पौडेल ना.प्र.नं. ६५-०१-७०-००६०८, बर्दिया, २०७०-०२-०५ | सुदिप चौधरीको आमा नाता पर्ने सरला कुमारी मोतिपुर गा.वि.स.-५, बर्दिया |
| कमला विश्वकर्मा रेसुङ्गा न.पा.-८, गुल्मी | ४११००१/१०१५१०, गुल्मी, २०६८-०७-१३ | बाबुः लाल बहादुर बि.क. बाजेः ज्ञाने कामी | तारा बहादुर टोमटाको बुहारी सन्तोष सुनारको श्रीमती गुल्मी जिल्ला रेसुङ्गा न.पा.-८, बस्ने कविता सुनार ना.प्र.नं. ४१-०१-७८-१०७५९, गुल्मी, २०७८-१२-२३ टेक बहादुर बि.क.को नातिनी यम बहादुर विश्वकर्माको छोरी गुल्मी जिल्ला रेसुङ्गा-८, बस्ने सुस्मिता विश्वकर्मा ना.प्र.नं. ४१-०१-७६-००१४१, गुल्मी, २०७६-०१-०६ | कमला विश्वकर्माको सासु नाता पर्ने रेमकली सुनार रेसुङ्गा न.पा.-८, गुल्मी |
| मुकेश राना माहाकाली न.पा.-७, कञ्चनपुर | ७५-०१-६९-०५४५६, कञ्चनपुर, २०६९-११-०६ | बाबुः मोहन सिंह राना मगर बाजेः शेर बहादुर राना मगर | बल बहादुर राना मगरको नाति शेर बहादुर राना मगरको छोरा कञ्चनपुर जिल्ला महाकाली न.पा.-७, बस्ने मोहन सिंह राना मगर ना.प्र.नं. ३३/१७८, कञ्चनपुर | मुकेश रानाको बाबु नाता पर्ने मोहन सिंह राना मागर दोधारा गा.वि.स.-१, कञ्चनपुर |
| आकाश कुमार सुनार वीरेन्द्रनगर न.पा.-२, सुर्खेत | ६४-०१-७०-०६८५, सुर्खेत, २०७०-०८-१९ | बाबुः मनविर सुनार बाजेः सहवीर सुनार | दल बहादुर चुनाराको नाति ललित बहादुर चुनाराको छोरा सुर्खेत जिल्ला चिङगाड गा.पा.-६, बस्ने रमेश चुनारा ना.प्र.नं. ६४-०१-७४-०५९२८, सुर्खेत, २०७४-१०-०५ | आकाश कुमार सुनारको बुबा नाता पर्ने मनविर सुनार वीरेन्द्रनगर न.पा.-२, सुर्खेत |
| यशोदा ताम्राकार कृष्णपुर न.पा.-३, कञ्चनपुर | ७५१००३-२०८०४, कञ्चनपुर, २०६९-१-६ | बाबुः रगुविर टमटा बाजेः चन्द्र बहादुर टमटा | मन्दिरे टमटाको छोरा सिद्ध राम टमटाको छोरा रैकवारविचवा गा.वि.स.-३, कञ्चनपुर, बस्ने र्हक बहादुर ताम्रकार ना.प्र.नं. ७५१०१४/२०३, कञ्चनपुर, २०६६-२-२४ | यशोदा ताम्राकारको ससुरा नाता पर्ने सिद्धराम ताम्राकार रैकवारविचवा गा.वि.स.-४, कञ्चनपुर |
| सुमन गुरुङ्ग ढापुक सि.भ. गा.वि.स.-४, स्याङ्जा | ४२१०३२/१९९, स्याङ्जा, २०६८-२-९ | बाबुः हिराबल गुरुङ्ग बाजेः गजविर गुरुङ्ग | खिल बहादुर थापाको नाति तिलक बहादुर थापाको छोरा चितवन जिल्ला फुलबारी गा.वि.स.-६, बस्ने भिम बहादुर थापा ना.प्र.नं. ७०३/०३५, चितवन, २०४९-१२-२४ | सुमन गुरुङ्गको दिदी नाता पर्ने पानु गुरुङ्ग बुटवल उ.म.न.पा.-९, रुपन्देही |
| सोहन राना शंकरपुर गा.वि.स.५, कञ्चनपुर | ७५२०१७/५१०, कञ्चनपुर, २०७०-२-३ | बाबुः निर्मल राना बाजेः बम बहादुर राना | सल्फु रानाको नाति बम बहादुर रानाको छोरा कञ्चनपुर जिल्ला शंकरपुर गा.वि.स.-१, बस्ने निर्मल राना ना.प्र.नं. ८३१/५७, कञ्चनपुर, २०४६-०२-१३ | सोहन रानाको बुबा नाता पर्ने निर्मल राना लालझाडी गा.पा.-२, कञ्चनपुर |
| जगत बि.क. सिलुवा गा.वि.स.-९, पाल्पा | ३९-०१-७०-०६००४, पाल्पा, २०७०-८-२१ | बाबुः दुर्गा बहादुर विश्वकर्मा बाजेः इन्द्र लाल विश्वकर्मा | दुर्गा बहादुर विश्वकर्माको बुहारी जगत बि.क.को श्रीमती पाल्पा जिल्ला पूर्वखोला गा.पा.-१, बस्ने विष्णु थापा ना.प्र.नं. ३९-०१-७१-०३३४२, पाल्पा, २०७१-०४-२७ | |

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही ।
फोन नं. ०७१-४३८१७१, Website:- www.jucbank.com.np


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com